# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, कात्तिक ६ गते २०५८ साल (अतिरिक्ताङ्क ४० (क)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

### विभूषण (पाँचौं संशोधन) नियमावली, २०५८

विभूषण नियमावली, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले देहायका नियमहरु स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "विभूषण (पाँचौं संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली २०४८ को नियम ४३ मा संशोधन: विभूषण नियमावली, २०४८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छ:-

"४३. पदकहरुको प्रकार: पदकहरुको प्रकार देहाय बमोजिम हुनेछन् :-

(क) शुभ-राज्याभिषेक पदक २०३१ ।

(ख) शुभ-राज्याभिषेक पदक २०१३ ।

(ग) गद्दी आरोहण रजत महोत्सव पदक (२०२८-२०५३) ।

(घ) विशिष्ट सेवा पदक ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) वीरेन्द्र-ऐश्वर्य सेवा पदक ।

(च) सुप्रशंसनीय पट्ट ।

(छ) प्रशंसनीय पट्ट ।

(ज) प्रहरी रत्न ।

(झ) गजेन्द्र मोक्ष ।

(ञ) राष्ट्र सेवा पदक ।

(ट) दुर्गम सेवा पदक ।

(ठ) परदेश सेवा पदक ।

(ड) आकाश सेवा पदक ।

(ढ) बारुण पदक ।

(ण) समाज सेवा पदक ।

(त) सैनिक सेवा पट्ट ।

(थ) प्रहरी पराक्रम पदक ।

(द) नेपाल भूषण ।

(ध) राजप्रासाद दीर्घ सेवा पट्ट ।

(न) सैनिक दीर्घ सेवा पट्ट ।

(प) जानपद दीर्घ सेवा पट्ट ।

(फ) प्रहरी दीर्घ सेवा पट्ट ।

(ब) प्रसिद्ध सेवा पदक ।

(भ) राजप्रासाद सेवा पदक ।

(म) सैनिक सेवा पदक ।

(य) शाही रक्षक सेवा पदक ।

(र) जानपद सेवा पदक ।

(ल) प्रहरी सेवा पदक ।

(व) सेवा पदक ।

(श) लक्ष्य भेदक पदक ।

(ष) दैवी प्रकोप पीडितोद्धार पदक ।"

३. मूल नियमावलीमा नियम ४३ग. थप : मूल नियमावलीको नियम ४३ख. पछि देहायको नियम ४३ग. थपिएको छः-

"४३ ग. वीरेन्द्र-ऐश्वर्य सेवा पदक : (१) यो पदक स्व. श्री ५ वीरेन्द्र वीर विक्रम शाहको शासनकाल तथा मौसूफको स्वर्गारोहण पश्चात विभिन्न कार्यहरुमा विशेष सेवा पुऱ्याउनु हुने महानुभावहरुलाई उनीहरुले गरेको सेवाको कदर स्वरुप प्रदान हुन सक्नेछ । यो पदक एक पटकको लागि मात्र प्रदान हुनेछ ।

(२) यो पदकको बनौट तथा आकार प्रकार परिशिष्ट४ को अनुसूची-१ख. मा उल्लेख भए बमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम ४४ मा संशोधनः मूल नियमावलीको नियम ४४ को उपनियम (२) मा रहेका "अनुसूची - १ख" भन्ने शब्द र अङ्कको सट्टा "अनुसूची - १ग." भन्ने शब्द र अङ्क राखिएका छन् ।

५. मूल नियमावलीको नियम ७५ मा संशोधनः मूल नियमावलीको नियम ७५ को सट्टा देहायको नियम ७५ राखिएको छः-

"७५. मर्यादाक्रमः देहायका पदकहरुको मर्यादाक्रम देहाय बमोजिम हुनेछ :-

(क) शुभ-राज्याभिषेक पदक २०३१ ।
(ख) शुभ-राज्याभिषेक पदक २०१३ ।
(ग) गद्दी आरोहण रजत महोत्सव पदक (२०२८-२०५३) ।
(घ) विशिष्ट सेवा पदक ।
(ङ) वीरेन्द्र-ऐश्वर्य सेवा पदक ।
(च) रजत जयन्ती पदक ।
(छ) विशेष सेवा पदक ।
(ज) बहादुरी पदक ।
(झ) आसाम बर्मा लडाई पदक ।
(ञ) सुप्रशंसनीय पट्ट ।
(ट) प्रशंसनीय पट्ट ।
(ठ) प्रहरी रत्न ।
(ड) गजेन्द्र मोक्ष ।
(ढ) राष्ट्र सेवा पदक ।
(ण) दुर्गम सेवा पदक ।
(त) परदेश सेवा पदक ।
(थ) आकाश सेवा पदक ।
(द) बारुण पदक ।
(ध) समाज सेवा पदक ।
(न) सैनिक सेवा पट्ट ।
(प) प्रहरी पराक्रम पदक ।
(फ) नेपाल तारा पदक ।
(ब) त्रिशक्तिपट्ट पदक ।
(भ) गोरखादक्षिणवाहु पदक
(म) नेपाल भूषण ।
(य) राजप्रासाद दीर्घ सेवा पट्ट ।
(र) सैनिक दीर्घ सेवा पट्ट ।
(ल) जानपद दीर्घ सेवा पट्ट ।
(व) प्रहरी दीर्घ सेवा पट्ट ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५१

(श) प्रसिद्ध सेवा पदक ।
(ष) राजप्रासाद सेवा पदक ।
(स) सैनिक सेवा पदक ।
(ह) शाही रक्षक सेवा पदक ।
(क्ष) जानपद सेवा पदक ।
(त्र) प्रहरी सेवा पदक ।
(ज्ञ) महाभूकम्प पीडितोद्धार पदक
(ज्ञ१) सेवा पदक ।
(ज्ञ२) लक्ष्य भेदक पदक ।
(ज्ञ३) राष्ट्रिय जनमत संग्रह पदक २०३७ ।
(ज्ञ४) तेस्रो सार्क शिखर सम्मेलन स्मृति पदक ।
(ज्ञ५) दैवी प्रकोप पीडितोद्धार पदक ।"

६. मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची - १ख. मा संशोधन: मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची - १ख. को सट्टा देहायको अनुसूची - १ख. राखिएको छः-

"अनुसूची - १ ख.

वीरेन्द्र-ऐश्वर्य सेवा पदक

(१) मण्डल: यो मण्डल ३.७ सेन्टिमिटर निकलको स्वेत गोलाकार हुनेछ । यसको मध्यभागमा स्व. श्री ५ वीरेन्द्र वीर विक्रम शाहबाट श्रीपेच पैह्रिवक्सेको र स्व. श्री ५ ऐश्वर्य राज्य लक्ष्मी देवी शाहबाट टायरा पैह्रिवक्सेको चित्र अङ्कित हुनेछन् र सो को माथिल्लो भागमा "वीरेन्द्र-ऐश्वर्य सेवा पदक" भन्ने शब्द अङ्कित हुनेछन् ।

मण्डल झुण्डिने स्थानमा कलश र कलशको दायाँ बायाँ दुई खुकुरीहरुले मण्डललाई च्यापेका हुनेछन् ।

मण्डलको पछिल्लितरको मध्यभागमा खप्टेका दुई खुकुरीहरु रहनेछन् र ती खुकुरीहरु माथि "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव" भन्ने शब्दहरु र खुकुरी मुनि "नेपाल" भन्ने शब्द र सो भन्दा मुनि "२०५८" अङ्कहरू अङ्कित हुनेछन् ।

(२) पट्टिका: यो पट्टिकाको हरियो, सेतो, हरियो, सेतो र हरियो गरी ५ वटा समानुपातिक उर्ध्व पाटाहरुयुक्त रेशमले बनेको हुनेछ । यसको चौडाई ३.२ सेन्टिमिटरको हुनेछ ।"

७. मूल नियमावलीको परिशिष्ट ४ मा अनुसूची - १ग. थप: मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची - १ख. पछि देहायको अनुसूची - १ग. थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची - १ग.

सुप्रशंसनीय पट्ट :

(१) मण्डल : यो मण्डल चाँदीको गोलाकार हुनेछ । यसको मध्य भागमा नेपालको मानचित्रको पृष्ठभूमिमा १६ पत्रयुक्त कमल हुनेछ । मानचित्रको माथितिर राजमुकुट हुनेछ । तलतिर यो पदकको आदर्श वाक्य "पुरुषस्तावदेवासौ यावन्मानान्नहीयते" अङ्कित हुनेछ । यसको पछिल्तिर मध्य भागमा "२०२०" अङ्कित हुनेछ तथा माथितिर वृत्ताकार रुपमा "श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव" शव्दहरु अङ्कित हुनेछन् ।

मण्डल झुण्डिने स्थानमा रजत कलशको दायाँ बायाँ दुईवटा खुकुरीहरुले मण्डललाई च्यापेका हुनेछन् ।

(२) पट्टिका : यो पट्टिकाको दायाँ बायाँ सेतो रंगको र बीचमा नीलो समान नापका तीन समानको तीन उर्ध्व पाटायुक्त रेशमको हुनेछ । यसको चौडाई ३.२ सेन्टिमिटरको हुनेछ ।"

**आज्ञाले,**

**केशवराज राजभण्डारी**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । ४५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।